नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

इ.प्रा. परिपत्र संख्या : ०३/२०७८-७९ मिति: २०७८/०५/११

श्री विदेशी विनिमय कारोबार गर्ने इजाजतपत्रप्राप्त निकायहरु ।

विषय : एकीकृत परिपत्र-२०७६ मा संशोधन/थप गरिएको सम्बन्धमा ।

महाशय,

विदेशी विनिमय कारोबार गर्ने इजाजतपत्रप्राप्त निकायलाई जारी गरिएको एकीकृत परिपत्र-२०७६ मा देहायबमोजिम संशोधन/थप गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १२ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

**(१) एकीकृत परिपत्र ०१/२०७६ को दफा १.७.५:**

यस्तो सटही सुविधा बढीमा एक पटकमा अमेरिकी डलर ३५,००० (अमेरिकी डलर पैंतीस हजार) वा सो बराबरको परिवर्त्य विदेशी मुद्रासम्मको लागि मात्र प्रदान गर्न सकिनेछ । **उक्त रकमसम्मको सीमाको लागि Beneficiary को Business Credibility Information (BCI) अनिवार्य हुने छैन ।**

**तर, कोभिड-१९ बाट सिर्जित स्वास्थ्य समस्यालाई रोकथाम तथा न्यूनीकरणको लागि सहजीकरण गर्न देहायबमोजिमको व्यवस्था गरिएको छ:**

**१) स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, स्वास्थ्य सेवा विभागको सिफारिसमा गरिने कोभिड-१९ सँग सम्बन्धित औषधिजन्य सामग्रीहरु तथा स्वास्थ्य उपकरणहरु (Medical Supplies and Medical Equipments) को आयातको हकमा एउटै बीजकबाट अमेरिकी डलर १,००,००० (अमेरिकी डलर एक लाख) वा सो बराबरको अन्य परिवर्त्य विदेशी मुद्रासम्मको रकम ड्राफ्ट/टि.टि. को माध्यमबाट भुक्तानी गर्न सकिनेछ र सोका लागि Beneficiary को Business Credibility Information (BCI) अनिवार्य नहुने व्यवस्था २०७८ चैत्रमसान्तसम्मका लागि कायम गरिएको छ । साथै, अमेरिकी डलर १,००,००० (अमेरिकी डलर एक लाख) वा सो बराबरको अन्य परिवर्त्य विदेशी मुद्राभन्दा माथिको सटही सुविधा आवश्यक परेमा स्वास्थ्य सेवा विभागको सिफारिस सहित स्वीकृतिका लागि यस बैंकसमक्ष निवेदन पेश गर्नु पर्नेछ ।**

**२) Oxygen Cylinders, Oxygen Concentrators, Oxygen Tanks, Oxygen Generators, Oxygen Manufacturing Plants, Oxygen Delivery Accessories, अन्य Oxygen सम्बन्धी सामग्री तथा Ventilator Equipments, Severe Acute Respiratory Infection (SARI) equipments, Pressure Swing Absorption (PSA) plants, Liquid oxygen thermos, Laryngoscope, Videolaryngoscope, Continuous Positive Airway Pressure (CPAP) equipments with accessories, High Flow Nasal Canula (HFNC) लगायतका कोभिड-१९ को स्वास्थ्य समस्याको उपचारमा सघाउ पुर्‍याउने जीवनरक्षक स्वास्थ्य सामग्री/उपकरणहरुको आयातको हकमा उल्लिखित ड्राफ्ट/टि.टि. को रकमसम्बन्धी सीमा, Business Credibility Information (BCI) र स्वास्थ्य सेवा विभागको सिफारिस २०७८ चैत्रमसान्तसम्मका लागि अनिवार्य नहुने व्यवस्था गरिएको छ ।**

**३) माथि बुँदा नं. १ र २ बमोजिम आयात गर्ने आयातकर्ताले विदेशी विनिमय अपचलन भएमा स्वयम् जिम्मेवार हुने स्वःघोषणा बैंक तथा वित्तीय संस्थासमक्ष पेश गर्नु पर्नेछ र बैंक तथा वित्तीय संस्थाले यस व्यवस्थाबमोजिम आयात भएको विवरण देहायबमोजिमको ढाँचामा मासिक रुपमा प्रत्येक महिना समाप्त भएको सात कार्य दिनभित्र यस विभागसमक्ष पेश गर्नु पर्नेछ ।**

**विवरणको ढाँचा:**

बैंक तथा वित्तीय संस्थाको नाम:......................

कन्द्रीय कार्यालय/कर्पोरेट कार्यालय (केन्द्रीय/कर्पोरेट कार्यालयले मात्र पेश गर्नु पर्ने)

विवरण पेश गरिएको साल र महिना:

विवरण पेश गरिएको मिति:

| सि. नं. | आयातकर्ता सम्बन्धी | | | निर्यातकर्ता सम्बन्धी | | | मालसामानको हार्मोनिक कोड नं. | भुक्तानी सम्बन्धी | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | नाम | ठेगाना | खाता नम्बर | नाम | ठेगाना (देश सहित) | बैंकको नाम र ठेगाना | | मिति | वि.मु. (अमेरिकी डलर, यूरो...आदि) | रकम | |
| | | | | | | | | | | | |

तयार गर्ने
नाम:
पद:
दस्तखत:
इमेल:
फोन:

रुजु गर्ने छाप:
नाम:
पद:
दस्तखत:
इमेल:
फोन:

(२) एकीकृत परिपत्र १२/२०७६ मा दफा ७ थप:

वायुयान सेवा सञ्चालक संस्थालाई अमेरिकी डलर २५,००० (अमेरिकी डलर पच्चीस हजार) वा सो बराबरको अन्य परिवर्त्य विदेशी मुद्रासम्मको सेवा आयातको लागि देहायबमोजिमका कागजातहरुको आधारमा वाणिज्य बैंकहरुबाट विदेशी मुद्रा सटही सुविधा उपलब्ध गराउन सकिनेछ :

(क) फर्म, कम्पनी वा संस्था दर्ता प्रमाणपत्र र कर दर्ता प्रमाणपत्र ।

(ख) कर चुक्ता प्रमाणपत्र र सेवा खरिदबापत नियमानुसार कर दाखिला गरेको निस्सा ।

(ग) पछिल्लो लेखापरीक्षण प्रतिवेदन ।

(घ) सेवा प्रदान गर्ने संस्थासँग गरेको सम्झौता र बीलबीजकको प्रमाणित प्रतिलिपि ।

(ङ) सम्झौता बमोजिम गरेको कार्यको विवरण सहित सञ्चालक समिति वा अख्तियारप्राप्त अधिकारीबाट सटही सुविधा माग गर्ने सम्बन्धमा भएको निर्णयको प्रतिलिपि र विदेशी मुद्रा अपचलन भएमा सोको सम्पूर्ण जिम्मेवारी लिने स्व:घोषणा ।

(च) काम सम्पन्न भएको पुष्टि हुने कागजात भए सोसमेत ।

(छ) नियामक निकायको सिफारिस ।

(३) एकीकृत परिपत्र २४/२०७६ मा दफा ५ थप:

"नेपाल राष्ट्र बैंक विदेशी विनिमय कारोबार इजाजतपत्र तथा निरीक्षण विनियमावली, २०७७" को परिच्छेद-३ र ४ बमोजिम र "नेपाल राष्ट्र बैंक मनिचेञ्जर इजाजतपत्र तथा निरीक्षण विनियमावली, २०७७" बमोजिम यस बैंकबाट विदेशी मुद्राको कारोबार गर्न इजाजतपत्रप्राप्त संस्थालाई कोभिड-१९ महामारीबाट सिर्जित प्रभाव दृष्टिगत गरी अन्य सम्पूर्ण प्रचलित व्यवस्थाहरु यथावत रहने गरी देहायबमोजिम इजाजतपत्रको म्याद कायम हुने व्यवस्था गरिएको छ:

१) यो व्यवस्था लागू भएपश्चात इजाजतपत्रको नवीकरणका लागि निवेदन पेश गर्ने इजाजतपत्रप्राप्त संस्थाहरुलाई कुनै पनि शुल्क नलिई एक वर्षको लागि इजाजतपत्रको नवीकरण (पछिल्लो इजाजतपत्रको म्यादबाट गणना हुने गरी) गरिनेछ ।

२) यो व्यवस्था लागू हुनु पूर्व इजाजतपत्र नवीकरण गराइसकेका इजाजतपत्रप्राप्त संस्थाहरुको इजाजतपत्रको म्याद कुनै पनि शुल्क नलिई एक वर्षले थप गरिनेछ ।

३) माथि (१) र (२) बमोजिम नवीकरण/म्याद थप गर्नका लागि इजाजतपत्रप्राप्त संस्थाहरुले २०७९ असारमसान्तभित्र नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग वा सम्बन्धित प्रदेशस्थित कार्यालयमा निवदेन पेश गर्नु पर्नेछ ।

भवदीय,

२०७८/०५/११

(रामु पौडेल)
कार्यकारी निर्देशक

**बोधार्थ:**

१. श्री गभर्नरको कार्यालय ।

२. श्री डेपुटी गभर्नरको कार्यालय ।
३. श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा ।
४. श्री नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग ।
५. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
६. श्री नेपाल राष्ट्र बैंक, विकास बैंक सुपरिवेक्षण विभाग ।
७. श्री नेपाल राष्ट्र बैंक, वित्त कम्पनी सुपरिवेक्षण विभाग ।
८. श्री नेपाल राष्ट्र बैंक, आन्तरिक लेखा परीक्षण विभाग ।
९. श्री नेपाल उद्योग वाणिज्य महासंघ ।
१०. श्री नेपाल उद्योग परिसंघ ।
११. श्री नेपाल चेम्बर अफ कमर्स ।
१२. श्री नेपाल बैंकर्स संघ ।
१३. श्री डेभलपमेण्ट बैंकर्स एशोसिएसन ।
१४. श्री नेपाल वित्तीय संस्था संघ ।